# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
kmf]gM5719644-5-7
PS:^]G;gM 614-611-606
E-mail : psdept@nrb.org.np
Web : www.nrb.org.np


**पत्र संख्याः भु.प्र.वि/नीति/परिपत्र/०३/०८१/८२**

**मिति : २०८१/११/२१**

**भुक्तानीसम्बन्धी कार्य गर्ने अनुमतिपत्रप्राप्त संस्थाहरु ।**

**विषय : भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० मा संशोधन/परिमार्जन/थप गरिएको सम्बन्धमा ।**

महाशय,

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरुलाई जारी गरिएको भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन, २०८० मा यसैसाथ संलग्न तालिका बमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन भुक्तानी तथा फर्स्योट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**भवदीय,**

**(किरण पण्डित)**
**कार्यकारी निर्देशक**

**बोधार्थ :**

(१) श्री गभर्नरको कार्यालय ।
(२) श्री डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(१०) श्री वित्तीय जानकारी इकाई, काठमाडौं ।
(११) श्री नेपाल बैंकर्स संघ, काठमाडौं ।
(१२) श्री नेपाल डेभलपमेन्ट बैंकर्स एसोसिएसन, काठमाडौं ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।
(१४) श्री भुक्तानी सेवा प्रदायक संघ नेपाल, काठमाडौं ।

## भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन-२०८० मा संशोधन/परिमार्जन/थप

| क्र.स. | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | अ.प्रा.निर्देशन नं. १/०८० को बुँदा नं. १ को उपबुँदा २(घ) मा संशोधन गरिएको | प्राकृतिक व्यक्तिको एउटा खाताबाट एक भन्दा बढी कार्ड (पूरक कार्ड) जारी गर्न पाइने छैन । | **प्राकृतिक व्यक्तिको एउटा खाताबाट एकै प्रकृति (डेबिट/क्रेडिट/प्रिपेड) को एक भन्दा बढी कार्ड जारी गर्न पाइने छैन । तर, Domestic Card Scheme अन्तर्गतका कार्डहरु जारी गर्दा यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।** |
| २. | अ.प्रा.निर्देशन नं. १/०८० को बुँदा नं २ को उपबुँदा (१) हटाइएको | ग्राहकलाई विद्युतीय कार्ड जारी गर्दा आवेदन फाएरमसँगै कार्ड जारी गर्दा र कारोबार गर्दा लाग्ने शुल्क, कारोबारको सीमा, कार्डको प्रयोग गर्दा लाग्ने ब्याजदर, कार्डबाट प्राप्त हुने अन्य सुविधाहरू लगायतका विषय समेटिएको सूचनामूलक सामाग्री प्रदान गर्नुपर्ने छ । | **हटाइएको ।**<br>(ग्राहक हित संरक्षणसम्बन्धी निर्देशनमा समावेश गरिएको ) |
| ३. | अ.प्रा.निर्देशन नं. १/०८० को बुँदा नं २ को उपबुँदा (२) मा संशोधन गरिएको | कार्ड प्रयोग गर्न महत्वपूर्ण शर्त तथा बन्देज (Most Important Terms and Conditions) को सूचीमा देहायका न्यूनतम विषय समावेश गरी ग्राहकसँग सम्झौता गर्नुपर्ने छ । यस्तो सम्झौता ग्राहकलाई समेत उपलब्ध गराउनुपर्ने छ ।<br>(क) कार्डबाट गर्न सकिने कारोबारको प्रकार<br>(ख) कार्ड जारी गर्दा तथा कारोबार गर्दा तिर्नुपर्ने सेवा शुल्क<br>(ग) कारोबारको संख्या सीमा भएमा सोको विवरण<br>(घ) नगद तथा भुक्तानी कारोबारको सीमा<br>(ङ) क्रेडिट कार्डको हकमा क्रेडिट सीमा, कार्डमार्फत गरिएको कारोबारको Billing को समयावधि तथा माध्यम, रकम भुक्तानी गर्नुपर्ने समयावधि, सो अवधिभित्र | कार्ड प्रयोग गर्न महत्वपूर्ण शर्त तथा बन्देज (Most Important Terms and Conditions) को सूचीमा देहायका न्यूनतम विषय समावेश गरी ग्राहकसँग सम्झौता गर्नुपर्ने छ । यस्तो सम्झौता ग्राहकलाई समेत उपलब्ध गराउनुपर्ने छ ।<br>(क) कार्डबाट गर्न सकिने कारोबारको प्रकार,<br>(ख) कार्ड जारी गर्दा तथा कारोबार गर्दा तिर्नुपर्ने सेवा शुल्क,<br>(ग) कारोबारको संख्या सीमा भएमा सोको विवरण,<br>(घ) नगद तथा भुक्तानी कारोबारको सीमा,<br>(ङ) क्रेडिट कार्डको हकमा क्रेडिट सीमा, कार्डमार्फत गरिएको कारोबारको Billing को समयावधि तथा माध्यम, रकम भुक्तानी गर्नुपर्ने समयावधि, सो अवधिभित्र भुक्तानी गर्न नसकेमा वा न्यूनतम रकम मात्र तिर्दा लाग्ने ब्याजदर तथा हर्जाना र सोको लेखाहिसाबको विधि (उदाहरणसहित स्पष्ट |